# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या:७७

मिति:२०७६/०९/२३

उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | — |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | — |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| १५ | कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| १६ | कार्यपालिका सदस्य | श्री खिनमान दर्जी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | कार्यपालिका सदस्य | श्री रमेश कुमार दर्जी | सदस्य | |
| १९ | कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | — |
| २० | कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | — |
| २१ | कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | — |
| २२ | कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| | | | | |

मिति २०७६/०९/२३ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरुः

१. महालेखा परीक्षकको कार्यालय,डोर मुकाम झापाबाट प.सं. २०७६/२०७७ च.नं.६१ मिति २०७६/०९/१९ को पत्र मार्फत प्राप्त यस नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक लेखापरीक्षणका सम्बन्धमा प्राप्त प्रारम्भिक प्रतिवेदन कार्यपालिकाको बैठकमा वाचन गरियो ।प्रतिवेदनमा उल्लेखित असुल उपर गर्नुपर्ने बेरुजु असुल उपर गर्न नगर कार्यपालिकाको कार्यालयले प्रक्रिया अघि बढाउने,प्रमाण कागजात पेश नभएको बेरुजुको हकमा आवश्यक प्रमाण कागजात सहित समपरीक्षणका लागि महालेखा परीक्षक समक्ष पेश गर्ने तथा नियमति गर्नुपर्ने बेरुजु नियमित गर्नका लागि आगामी नगर सभामा पेश गर्ने ।

२. मिति २०७६/०९/११ को कार्यापालिका बैठकको निर्णयानुसार निर्धारित मिति २०७६/०९/२७ गते यस नगरपालिकाको छैठौं नगर सभाको उद्घाटन नेपाल सरकारका माननीय महान्यायधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूको समुपस्थितीमा भिजिट नेपाल २०२० को सन्दर्भमा अर्जुनधारा नगरपालिकामा रहेका पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गर्दै अर्जुनधारा नगरपालिका वडा नं १ स्थित हचुमासा सामुदायिक वन क्षेत्रको हात्तिआहाल पर्यटकीय स्थलमा गर्ने ।उद्घाटन सत्रमै पर्यवेक्षणका लागि यस क्षेत्रमा रहेका स्थानीय राजनैतिक दलका नेता तथा पत्रकारहरुलाई अनुरोध गर्ने ।
साथै,निम्नानुसारको प्रस्ताव निर्णयार्थ उक्त बैठकमा पेश गर्नेः

१. अर्जुनधारा नगरपालिका अन्तरगत विगतमा माग भई आएका तपशिल वमोजीमका योजनाहरुलाई आगामी आव ०७७/०७८ को वार्षिक कार्यक्रममा समावेश गर्ने ।
   - क. बिद्यालय सुधार आयोजना वडा नं ४ अर्जुनधारा नपा (जम्मा ३ वटा विद्यालय)
   - ख. विद्यालय सुधार आयोजना वडा नं ९ अर्जुनधारा नपा (जम्मा ३ वटा विद्यालय)
   - ग. विद्यालय सुधार आयोजना वडा नं ३ अर्जुनधारा नपा (जम्मा २ वटा विद्यालय)
   - घ. महिला लक्षित कार्यक्रम ढाकावुनाइ एवम मागमा आधारित व्यवसायिक सीप विकास कार्यक्रम
   - ङ. विरिङ खोला तटवन्ध निर्माण परियोजना अर्जनुधारा १ झापा
   - च. अर्जनुधारा नगरपालिकाको भित्र चक्रपथ (९ किमि ) कालोपत्रे ।

२. अर्जुनधारा नगरपालिकाको छैठौ साधारण सभाले तय गरेका आगामी आर्थिक वर्ष ०७७/०७८ का लागि तपशिलका योजनाहरु राष्ट्रिय योजना आयोगको विशेष अनुदान तथा समपुरक अनुदान अन्तरगत माग गर्ने

<u>विशेष अनुदान तर्फ</u>

   - क. बिद्यालय सुधार आयोजना वडा नं ४ अर्जुनधारा नपा (जम्मा ३ वटा विद्यालय)
   - ख. विद्यालय सुधार आयोजना वडा नं ९ अर्जुनधारा नपा (जम्मा ३ वटा विद्यालय)
   - ग. विद्यालय सुधार आयोजना वडा नं ३ अर्जुनधारा नपा (जम्मा २ वटा विद्यालय)
   - घ. महिला लक्षित कार्यक्रम ढाकावुनाइ एवम मागमा आधारित व्यवसायिक सीप विकास कार्यक्रम
   - ङ. विरिङ खोला तटवन्ध निर्माण परियोजना अर्जनुधारा १ झापा

<u>समपुरक अनुदान तर्फ</u>

   - क. अर्जनुधारा नगरपालिकाको भित्र चक्रपथ (९ किमि ) कालोपत्रे

३. मिति २०७४/०९/०२ को नगर कार्यपालिका बैठकबाट दैवी/प्रकोप पिडितलाई राहत उपलब्ध गराउन राहत रकमको सिमा तोकिएकोमा उक्त राहत रकम तोकिएको अधिकतम सिमाको अधिनमा रही सम्बन्धित वडा कार्यालयको सिफारिस पत्रानुसार उपलब्ध गराउने ।वडा कार्यलयहरुबाट त्यस प्रकृतिका सिफारिस गर्दा अनिवार्य रुपमा राहत/क्षतिपूर्ती रकम समेत तोकेर सिफारिस गर्ने ।

४. यस नगरपालिका अन्तर्गतका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणका लागि नेपाल सरकारबाट अनुदान प्राप्त भएको भवन निर्माणका लागि जग्गा प्राप्त भई कार्यालयको नाममा धनिपुर्जा भएको ठाउँमा भवन निर्माणका लागि प्रक्रिया अघि बढाउने।

५. मुख्यमन्त्री ग्रामिण सडक सुधार आयोजना अन्तर्गत यस नगरपालिकामा अर्जुनधारा-६ र ९ मा पर्ने माता मन्दिर प्रणामी मन्दिर हुँदै मिलन चौक जोड्ने सडक कालोपत्रे गर्नका लागि कुल लागतको ८० प्रतिशतले हुन आउने रकम रु ७३,००,०००/- (त्रिहत्तर लाख मात्र ) प्रदेश सरकारबाट विनयोजन भई बाँकी २० प्रतिशत लागत साझेदारी नगरपालिका बाट व्यहोर्न लेखी आएकामा उक्त सडक कालोपत्रेका लागि १० प्रतिशत रकम स्थानीय जनसहभागिता जुटाई बाँकी १० प्रतिशतले हुन आउने रकम यस नगरपालिकाको समपूरक कोषबाट रु ९,१२,५००/- (नौ लाख बाह्र हजार पाँच सय मात्र ) विनियोजन गर्ने।